स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



सलमान खानको आगामी फिल्म "ब्याटल अफ गलवान" बाट गायक तथा अभिनेता प्रशान्त तामाङले बलिउडमा डेब्यू गरेका छन्। तामाङले मुम्बईको गोरगाउँस्थित फिल्म सिटीमा छायांकन भैरहेको फिल्मको सेटबाट फोटो सार्वजनिक गरेका छन् जहाँ अनुपविक्रम शाहीलाई पनि देख्न सकिन्छ। "अब केही हुँदैछ। म साँच्चिकै उत्साहित छु।

**आजको विचार...**



काँग्रेसमा...

*(दुई पेजमा)*

भुवन न्यौपाने

दुर्गेश थापा आफूलाई गायक कम, पर्फमर बढी मान्छन् । पछिल्लो समय उनको गीत "दुस्मन हेरेको हेऱ्यै" ग्लोबलको ट्रेन्डिङमा छ । अहिलेसम्म ५ करोडभन्दा बढी पटक हेरिएको यो गीत सामाजिक सञ्जालमा छोटाछोटा रिल्स र सर्टस्मा मात्रै छैन, मान्छेका बोलीचालीमै झुन्डिएको छ । राजनीतिक सभा होस् कि सम्मेलन, कन्सर्ट होस् कि चुनावी ऱ्याली अथवा संसदमा हुने घोचपेच जहींतहीं दुर्गेशकै गीतको कुनै न कुनै अन्तरा गुन्जिएकै छ ।



❐ वर्ष ३१ अंक १०४ ❐ २०८२ कात्तिक २५ गते मंगलबार 11 November 2025, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### ३१ कैदीको मृत्यु

**क्विटो,** कात्तिक २४/ (रासस/एएफपी)/इक्वेडरको दक्षिणपश्चिमी सहर मचालास्थित जेलमा आइतबार भएको हिंसात्मक दङ्गाामा कम्तीमा ३१ कैदीको मृत्यु भएको छ । सोमबार बिहान भएको सशस्त्र झडपमा चार जनाको मृत्यु भएपछि दिउँसो श्वासप्रश्वासमा समस्या भएर थप २७ कैदीको ज्यान गएको अधिकारीहरूले जनाएका छन् ।

जेल प्रशासन एसएनएआईले एक विज्ञप्तिमा मचाला जेलभित्र मृत फेला परेकाहरू 'आपसी सैर्षका क्रममा श्वासप्रश्वास अवरुद्ध भएर तुरुन्त मृत्यु भएका' हुन् । घटनाको कारण र विस्तृत विवरण स्पष्ट गर्न फरेन्सिक टोली अहिले पनि स्थलमै कार्यरत छ । स्थानीय बासिन्दाहरूले जेलभित्रबाट गोली, विस्फोट र सहयोगका लागि कराएको आवाज सुनेका थिए । बिहान ३ बजे (०८०० जिएमटी) तिर सुरु भएको हिंसा केही घण्टामै नियन्त्रणबाहिर पुगेको थियो । एसएनएआईका अनुसार प्रारम्भिक भिडन्तमा चार जनाको मृत्यु भएको र ३३ जना कैदीसहित एक प्रहरी अधिकारी घाइते भएका थिए । त्यसपछि विशेष प्रहरी टोलीले तुरुन्तै जेलमा प्रवेश गरी नियन्त्रण पुन:स्थापना गरेको बताइएको छ । अधिकारीहरूले मृतकहरूको पहिचान अझै सार्वजनिक गरेका छैनन् । घटनाको कारण प्रतिस्पर्धी लागुऔषध तस्करी गिरोहबीचको अन्तरद्वन्द्व हुनसक्ने अनुमान गरिएको छ । इक्वेडरका जेलहरू पछिल्ला वर्षहरूमा लागुऔषध तस्करी गिरोहहरूको प्रमुख सञ्चालन केन्द्र बनेका छन्, जसले अवैध व्यापार नियन्त्रणका लागि एक-अर्कासँग हिंसात्मक सैर्ष गर्दै आएका छन् ।

# भैरहवा अन्तर्राष्ट्रिय विमानस्थल नजिकै हुँदा पनि किन भारततिर मोडिन्छन् विमान ?

**हाम्रा संवाददाता/रासस**

**भैरहवा,** कात्तिक २३ / शनिबार त्रिभुवन अन्तर्राष्टि्रय विमानस्थलको धावनमार्गमा रहेको 'एयर फिल्ड लाइटिङ'प्रणालीमा समस्या आउँदा उडान र अवतरण करिब साढे ५ घण्टा प्रभावित भयो । सो अवधिमा कोरियन एयरको विमान दिल्ली र लाई दुबईको विमान लखनऊ डाइभर्ट भएको थियो ।

शनिबार मात्र हैन गत वर्ष वैशाख ११ गते लाई दुबईको विमान त्रिभुवन विमानस्थलबाट उडान भर्ने क्रममा इन्जिनमा आगो लागे पनि विमानका पाइलटले नेपालमा तीनवटा अन्तर्राष्ट्रिय विमानस्थल भए पनि यहाँ अवतरणमा चासो देखाएनन् । विमान भैरहवाकै आकाश हुँदै आफ्नो गन्तव्यतर्फ लागेको थियो । गत वर्षकै फागुन १४ गते काठमाडौंको मौसम खराब भएर भारतको नयाँ दिल्लीबाट काठमाडौं आएको भिस्तारा एयरको विमान र दुबईबाट काठमाडौं उडेको लाई दुबईको विमान भारतको पनि लखनऊ डाइभर्ट भएका थिए ।




यी घटना प्रतिनिधिमूलक घटना मात्र हुन् । नेपाल आउने अन्तर्राष्ट्रिय विमानहरूले विमान डाइभर्ट गर्नुपरे वा आकस्मिक अवतरण गराउन परे नेपाली विमानस्थलभन्दा नेपाल बाहिरकै विमानस्थललाई प्राथमिकतामा राख्ने गरिएको छ । यद्यपी नेपाल आउने प्रत्येक अन्तरराष्टि्रय विमानहरूले वैकल्पिक विमानस्थल चयन गर्नुपर्ने हुन्छ । प्राय: सबै विमानहरूले वैकल्पिक विमानस्थलको रूपमा भैरहवामा रहेको गौतमबुद्ध अन्तरराष्टि्रय विमानस्थललाई राख्ने गरेका पनि छन् । वैकल्पिक विमानस्थलमा परे पनि अहिलेसम्म यहाँ एयर चाइनाको विमान तीनपटक मात्र डाइभर्ट भएको छ । विसं २०७९ जेठ १ गते, गौतमबुद्ध अन्तर्राष्टि्रय विमानस्थल सञ्चालनमा आए पनि पर्यटक लक्षित गरिएको खोलिएको यो विमानस्थल पूर्ण रूपमा सञ्चालन हुन नसक्दा निराश हुनुपर्ने अवस्था छ । यस विमानस्थलमा विमान नियमित हुन सकिरहेका छैनन् । नियमित मात्र हैन आकस्मिक रूपमा अवतरणका लागि पूर्णतया तयार हुँदा पनि यो विमानस्थलले अहिलेसम्म एयर चाइनाका बाहेक अन्य डाइभर्ट विमान अवतरण गराउन सकेको छैन । भैरहवा विमानस्थलमा आकस्मिक उडान गरेर राति होल्ड हुनुपऱ्यो भने यात्रुलाई कहाँ राख्ने, चालक दलका सदस्यलाई कसरी व्यवस्थापन गर्ने र दोस्रो दिन उडान गर्नुअघि विमान जाँच कसले गर्ने भन्ने विषय निश्चित नभएकाले पनि विमानहरू यहाँ आउन नचाहेको जानकारहरू बताउँछन् । भैरहवा विमानस्थल नियमित सञ्चालन भएर सहजै यस्ता सुविधा प्राप्त नहुँदासम्म काठमाडौंमा अवतरण हुन नसकेका विमान भैरहवामा अवतरण गराउन सकिँदैन । यसबाहेक नेपाल भारतमा इन्धनको मूल्यमा रहेको असमानताले पनि डाइभर्ट उडान भैरहवामा अवतरण गराउन बाधा गरेको छ । *(बाँकी अन्तिम पेजमा ...)*

## कार्तिक मसान्त भित्र मतदाता नामावलीमा नाम दर्ता गराऔं ।

- २०८२ साल फागुन २१ गते हुने निर्वाचनमा मतदान गर्न कार्तिक मसान्त भित्र मतदाता नामावलीमा नाम दर्ता गरौं,

- नाम दर्ता गर्न १६ बर्ष उमेर पुगेका र नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त गरेको हुनु पर्दछ,

-नाम दर्ता गर्न https://applyvr.ecn.gov.np मा लगइन गरी अनलाईनप्रणाली मार्फत फारम भर्न सकिन्छ,

- आफुलाई पायक पर्ने निर्वाचन कार्यालयमा गएर जैविक विवरण (फोटो, औठाछाप) दिनु पर्दछ,

-आफु बसेको स्थानबाटै मतदान गर्ने भए बसाइँसराईको प्रमाण पत्र अनिवार्य पेश गर्नु पर्दछ,

-१८ वर्ष उमेर पुरा भएका नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त प्रत्येक नेपाली नागरिकले मात्र मतदानमा सहभागी हुन पाउनेछन्, **मतदान गर्नु नागरिकको अधिकार मात्र होइन कर्तब्य पनि हो, तसर्थ फागुन २१ को निर्वाचनमा मतदान गर्न तयार होऔं ।**

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# लुम्बिनीमा हिउँदे अधिवेशन बोलाउन सिफारिस

**बुटवल,** कार्तिक २४/ लुम्बिनी प्रदेश सभाको हिउँदे (सातौँ) अधिवेशनका लागि सिफारिस गरिएको छ । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले हिउँदे अधिवेशन मंसिर ८ गते सोमबारका लागि आह्वान गर्न प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय गरेको हो ।




सरकारका प्रवक्ता तथा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्री दिनेश पन्थीका अनुसार मंसिर ८ समयको हिसावले उपयुक्त रहेकाले सिफारिस गरिएको छ । 'प्रदेश मन्त्रिपरिषद् बैठक सम्पन्न भयो । बैठकले प्रदेश सभाको हिउँदे अधिवेशन आह्वान गर्न प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय गरेको छ,' प्रवक्ता पन्थीले भने,'संवैधानिक व्यवस्थाअनुसार सरकारले प्रदेश प्रमुखसमक्ष सिफारिस गर्ने निर्णय गरेको हो ।' हिउँदे अधिवेशनका लागि छलफल गर्न प्रदेशसभा सचिवालयमा स्थानीय तहका कर्मचारीहरूको सेवा(सुविधासम्बन्धी संशोधन गर्न बनेको विधेयक र लुम्बिनी अध्ययन अनुसन्धान प्रशिक्षण प्रतिष्ठान विधेयक दर्ता भइसकेका छन् । त्यसैगरी, दलित अधिकार सम्बन्धी विधेयक र बडघर सम्बन्धी विधेयक दर्ता गर्ने तयारी छ।त्यसैगरी विभिन्न समितिका प्रतिवेदनहरू र महालेखा परीक्षकको प्रतिवेदन पनि दर्ता भई हिउँदे अधिवेशनमा छलफलका लागि प्रस्तुत हुनेछन् । लुम्बिनीमा गत भदौ ३१ गते वर्षे अधिवेशन अन्त्य भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## निर्वाचनमा केन्द्रीत हौं

जेनजी आन्दोलनबाट स्थापित वर्तमान सरकारले २१ फागुनमा प्रतिनिधि सभाको निर्वाचन गराउने म्यान्डेट पाएको छ । तर त्यो म्यान्डेट प्राप्त भएको पनि दुई महिना बितिसक्दासमेत स्पष्ट कार्ययोजना सार्वजनिक भएको छैन । मुलुक अहिले कठिन मोडमा उभिएको छ । चारैतिर अनिश्चितता र अन्यौलको अवस्था रहेको छ । जनतामा एक किसिमको भय, असुरक्षा र त्रास व्याप्त छ । यस्तो अवस्थाका अन्त्य गर्नको लागि भए पनि निर्धारित समयमै निर्वाचन गर्नुको विकल्प छैन ।

अहिलेको संवेदनशील अवस्थामा राजनीतिक स्थायित्व र शान्ति(सुरक्षा सुनिश्चित गर्न सबै पक्षले संयम, जिम्मेवारी र परिपक्वता देखाउन अत्यावश्यक छ । विशेषतः निर्वाचनको वातावरण बनाउने दिशामा राजनीतिक दलहरुको भूमिका महत्वपूर्ण रहने गर्दछ । तर दलहरु नै निर्वाचन गराउने विषयमा गम्भीर बन्न सकेका छैनन् । यो अत्यन्त दुखको कुरा हो । राजनीतिक दल नै लोकतन्त्रका आधारस्तम्भ हुन् । अहिलेको अवस्थामा निर्वाचन सम्पन्न गरेर सुरक्षित अवतरण गराउने जिम्मेवारी दलहरूको रहेको छ । यसका लागि सरकारले दलहरुसँग छलफल गरेर सहकार्य र समन्वय गर्नुपर्दछ । राजनीतिक दल, सरकारका मन्त्रीहरुले मुलुकलाई अप्ठेरोमा पार्ने खालका अभिव्यक्ति दिनु हुँदैन । गलत अभिव्यक्ति दिँदा त्यसले देश र जनतालाई अन्योलमा पार्ने छ । देश र जनतालाई अन्योलमा राख्ने होइन । तोकिएको निर्वाचनका लागि सहज वातावरण बनाउन सरकार थप अग्रसर हुनुपर्ने तथा सुरक्षाको प्रत्याभूति गराउनु पर्छ । कुनै पनि काम आवेगले होइन कि विवेकले गर्नुपर्छ । अन्तरिम सरकारको मुख्य दायित्व देशलाई निकासा दिनु हो, शासनलाई स्थायित्व दिलाउनु हो । यस्तो सरकारबाट दीर्घकालीन नीतिगत वा संरचनात्मक निर्णयको अपेक्षा गर्नु उचित हुँदैन । यसको मुख्य काम भनेको निष्पक्ष, निडर र पारदर्शीरुपमा निर्वाचन सम्पन्न गराउनु हो । यो सरकार 'सुशासन' र 'विश्वास पुनःस्थापनाको' सरकार हो, जसले जनतामा रहेको विगतको त्रुटिपूर्ण शासन प्रणालीप्रतिको अविश्वास मेटाउने अवसर पाएको छ । त्यसैले यो सरकारले नागरिकमा सेवा प्रवाह प्रभावकारी बनाउने र सुशासन कायम गर्ने विषयलाई पनि उच्च प्राथमिकतामा राख्दै निर्धारित समयमै निर्वाचन गराउने दिशामा केन्द्रीत हुन जरुरी छ ।

### Opinion @ Social Network

छल, कपट र धोका त्यति मात्रै गर्नु जति त्यसको परिणाम भोग्न सक्छौ किनकि कर्मले कसैलाई छोड्दैन ।

*(मनु कुंवरको फेसबुक स्टाटसबाट www.facebook.com/Manu.Kunwar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कॉंग्रेसमा नीति, नेतृत्व र नियत



भुवन न्यौपाने

नेपालको हरेक आन्दोलन र परिवर्तनको संवाहक र साक्षी नेपाली कांग्रेस हो । तर, यस पटकको जेनजी विद्रोहको कारणमध्ये एक घटक सत्ताधारी नेपाली कांग्रेस पनि हो । सम्भावित तर अकल्पनीय विद्रोहपछि समीक्षामा उत्रिएका छन् कांग्रेसजन । पार्टी सभापति शेरबहादुर देउवा दम्पतीमाथि सांघातिक आक्रमण, पार्टीको केन्द्रीय कार्यालयदेखि दर्जनौं कार्यालयमा आगजनी, दर्जनौं नेताका निवासमा आगजनीको अपूरणीय क्षतिको आलो घाउ सेलाउन पाएको छैन । कांग्रेसमा चर्काचर्की शुरु भइसकेको छ ।

कांग्रेसमा नीति, नेतृत्व र नियतका सन्दर्भलाई लिएर केन्द्रीय समितिमा तात्तातो बहस शुरु भएको छ । मुख्यगरी जेनजी विद्रोहको कारण, सरकारका निर्णय र कार्यसम्पादन, सत्ताको मैमत्त, शासकीय दुस्वप्न, शान्तिपूर्ण आन्दोलनको दमन र बर्बरतापूर्वक हत्या, सरकार र सुरक्षा संयन्त्रको भूमिका, सरकारी, सार्वजनिक, व्यावसायिक प्रतिष्ठान र निजी सम्पत्ति माथिको आगजनी, राज्यको निरीहता, राष्ट्रपतिको भूमिका, संवैधानिक शून्यता, अन्तरिम सरकार गठन, प्रतिनिधिसभाको विघटन र निर्वाचनको घोषणा जस्ता विषय चर्चामा छन् ।

नेपाली कांग्रेस रूपान्तरणको अनुष्ठान महाधिवेशनको सम्मुखमा छ । केन्द्रीय समितिको कार्यकाल सकिनै लागेको छ । जेनजी विद्रोहपछि विकसित दबाबबाट सभापति शेरबहादुर देउवाले कार्यवाहक सभापतिको जिम्मेवारी उपसभापति पूर्णबहादुर खड्कालाई दिएका छन् । बदलिंदो परिस्थितिलाई आकलन गरी ५४ प्रतिशत भन्दा बढी महाधिवेशन प्रतिनिधिहरूले हस्ताक्षर सहित विशेष महाधिवेशन माग गरेका छन् । नेपालको ठूलो लोकतान्त्रिक शक्तिको दावा गर्ने नेपाली कांग्रेस आफ्नै पार्टीको नीति, नेतृत्व फेर्न पनि विभिन्न बहानाका नियतहरू देखाउनु लज्जास्पद विषय हो । एकातिर, नियमित महाधिवेशनको समय पनि सम्मुखमा छ । अर्कातर्फ, विशेष महाधिवेशनको माग बढेको छ । भुईं तहका कार्यकर्ता र आममानिसको अपेक्षा चुनाव अगाडि नै कांग्रेसले समयानुकूल नीति र नेतृत्व फेरेर मात्र मत माग्न जनतासमक्ष आउनुपर्ने स्पष्ट संकेत गरेका छन् । तर, संस्थापन पक्ष चुनाव अगावै महाधिवेशन गर्ने पक्षमा देखिँदैन । यसको अर्थ कांग्रेसमा शक्ति संघर्ष शुरु भएको छ ।महामन्त्रीद्वयद्वारा नियमित महाधिवेशनको कार्यतालिका ल्याउने नियमित नभए विशेष महाधिवेशन गरेर भए पनि कांग्रेसलाई रूपान्तरण गर्नुपर्ने एजेण्डा प्रस्तुत गर्ने तयारी छ । नेपाली कांग्रेस केवल एउटा राजनीतिक दल मात्र होइन, नेपालको लोकतान्त्रिक चेतनाको ऐतिहासिक संस्थापक मियो पनि हो । नेपाली कांग्रेस देशको विभिन्न इतिहाससँग गाँसिएको पार्टी हो । लोकतन्त्रको बीउ रोप्ने, स्वतन्त्रता र संवैधानिक मूल्य एवं मान्यताको पहिचान बोकेको पार्टी हो । कांग्रेसको नेतृत्वले देशमा लोकतन्त्र ल्यायो । नागरिक स्वतन्त्रताको जग बसायो । शान्ति प्रक्रिया टुंग्याएर संघीय गणतन्त्र स्थापना गऱ्यो । संवैधानिक शासन प्रणालीको बाटो देखायो । तर, इतिहासले दिएको गौरव सधैं स्थायी हुँदैन । त्यो निरन्तर आत्ममूल्यांकन, रूपान्तरण र परिवर्तनको क्षमतामाथि निर्भर गर्छ । जेनजी आन्दोलनपश्चात् आज कांग्रेसले आत्ममूल्यांकन गर्नुपर्ने समय आएको छ । किनभने कांग्रेस केवल अतीतको गौरव होइन, वर्तमानको जवाफदेही शक्ति पनि हो । त्यसका लागि कांग्रेसमा सर्वाधिक चर्चाका विषय नीति, नेतृत्व र नियतको पुनर्विचार अत्यावश्यक छ ।

### नीतिगत आदर्श र अभ्यास

लोकतान्त्रिक समाजवाद, जनताको स्वतन्त्रता, समावेशी विकास र सुशासन जस्ता कांग्रेसका सैद्धान्तिक नीति हुन् । तर, व्यवहारमा ती सिद्धान्तहरू कमजोर छन् । प्रभावकारी रूपमा कार्यान्वयनमा आउन सकेका छैनन् । कांग्रेसको विचारधारात्मक मेरुदण्ड 'लोकतान्त्रिक समाजवाद' हो जुन बीपी कोइरालाले प्रतिपादन गरेका थिए । यसले समाजवादी न्याय र व्यक्तिगत स्वतन्त्रता बीच सन्तुलन खोज्छ । यो सिद्धान्त भन्छ( विकासको केन्द्र राज्य होइन, व्यक्ति र समुदाय हुन् । राज्यको भूमिका सहायक, संयोजक र न्यायिक हुनुपर्छ । तर, प्रश्न उठ्छ के आजको कांग्रेसले यो विचार व्यवहारमा उतारेको छ ? नीति, नेतृत्व र नियतमा रूपान्तरण गर्न सके कांग्रेसले फेरि पनि नेपालको लोकतन्त्रलाई दिशा दिन सक्छ । अब उसले आफैंभित्रको सुधार निर्मम रूपमा आरम्भ गर्न सक्नुपर्छ बीपी कोइरालाले पूँजीवाद र समाजवाद दुवैको सकारात्मक पक्षलाई आत्मसात् गरेर नेपाली समाजको ऐतिहासिक, सांस्कृतिक र भौगोलिक यथार्थसँग मेल खाने विशेष समाजवादी विचार प्रस्तुत गरे । मूलतः व्यक्तिगत स्वतन्त्रता, सामाजिक न्याय, समान अवसर नै यसको आधार हो । बहुदलीय व्यवस्था, स्वतन्त्र प्रेस, मानवअधिकारलाई समाजवादको मेरुदण्ड मानिन्छ । सामाजिक समानता वर्गीय शोषण र असमानता अन्त्य गर्दै शिक्षा, स्वास्थ्य, रोजगार सबैलाई समान अवसर दिनुपर्नेमा जोड दिए । सामाजिक-आर्थिक न्याय, गरिबी निवारण, भूमिसुधार, श्रमिक-किसानको अधिकार सुनिश्चित गर्नुपर्ने धारणा राखे । तर, विभिन्न प्रभावका कारण कांग्रेसले नेपालको माटो सुहाउँदो मौलिक नीतिलाई अंगीकार गर्न सकिरहेको छैन । कांग्रेसले विभिन्न कालखण्डमा परिवर्तनको नेतृत्व गरे पनि नीतिनिर्माण र संस्थागत विकासमा चुकेको छ । आन्तरिक र बाह्य शक्तिको प्रभावमा बरालिंदा मुलुक मियो विनाको गन्तव्यतिर होमिएको यथार्थ हो । कांग्रेस मुख्य जिम्मेवारीबाट बरालिंदा विभिन्न समस्याको बीजारोपण भएको उदाहरणहरू पनि सत्य हो ।

### कुशल नेतृत्वको आम अपेक्षा

कांग्रेसमा नेतृत्वको प्रश्न सधैं संवेदनशील रहँदै आएको छ । तर, कांग्रेसले नेतृत्वमा कहिल्यै अभाव देखेको छैन । बीपी कोइरालाको दृष्टि, गणेशमान सिंहको इमानदारी, कृष्णप्रसाद भट्टराईको सरलता, गिरिजाप्रसाद कोइरालाको दृढता र सुशील कोइरालाको निष्ठा यी सबै उदाहरण कांग्रेसको नेतृत्वको गौरव हुन् । तर, आजको नेतृत्वमा त्यी गुणहरू क्रमशः दुर्लभ बन्दै गएका छन् । वर्तमानमा नेतृत्वको मापन केवल पद वा पहुँचले हुन थालेको छ । साँचो नेतृत्व त्यो हो, जसले सुन्न सक्छ । सिक्न सक्छ । साझा दृष्टि निर्माण गर्न सक्छ । आजको युवा पुस्ता, किसान, महिला र स्थानीय स्तरका कार्यकर्ताहरूले यस्तो नेतृत्व खोजिरहेका छन् । जसले उनीहरूको आवाजलाई नीतिमा रूपान्तरण गर्न सकोस् । संवाद, सहकार्य र आत्मसमीक्षा गर्न सकोस् । मुलुकमा जनविश्वास सिर्जना गर्न सकोस् । नेतृत्व संकटको स्वरूप आज पार्टीभित्रको नेतृत्वमा प्रश्न पद, पहुँच र स्वार्थमा सीमित भएको छ । आन्तरिक लोकतन्त्र कमजोर पार्न खोजिँदैछ । उम्मेदवार चयन, निर्णय प्रक्रिया, सरकारमा कार्यसम्पादन र संसदीय अनुशासनमा पारदर्शिता देखिँदैन । कांग्रेसको नेतृत्व अब वंश वा वफादारीमा मात्र होइन, योग्यता र जवाफदेहितामा आधारित हुनुपर्छ । यदि पार्टीले आन्तरिक लोकतन्त्र बलियो बनायो भने नेतृत्वको पुनर्जागरण सम्भव छ । नत्र, पार्टी क्रमशः संरचनागत र मानसिक थकानको चपेटामा पर्न सक्छ । नयाँ पुस्तामा पनि अवसर र चुनौती दुवै छन् । नेतृत्व हस्तान्तरण केवल उमेरको प्रश्न होइन, सोचको प्रश्न हो । समयको माग हो । नयाँ पुस्ताले आधुनिक प्रविधि, विश्व दृष्टिकोण र नीति-निर्माण क्षमतामा दक्षता देखाइरहेको छ । तर, पुरानो पुस्ताले नयाँ सोचलाई विश्वास पनि नगर्ने, अवसर पनि नदिने कारण असन्तुष्टि बढ्दो छ । यदि कांग्रेसले यो ऊर्जा समेट्न सकेन भने पार्टीले समयसँग प्रतिस्पर्धा गर्न सक्दैन । नेतृत्वले अब गुट होइन, दृष्टि निर्माण गर्नुपर्ने बेला आएको छ ।कांग्रेसमा शेरबहादुर देउवाले कार्यवाहक सभापति पूर्णबहादुरलाई सुम्पिसकेका छन् । अब फेरि शक्ति संघर्षमा आउनु व्यक्तिगत प्रतिष्ठाको क्षयीकरण मात्र हो । कार्यवाहक सभापतिले चुनाव अगावै नियमित महाधिवेशन गराउनुपर्छ ।

### नियतले धमिल्याएको कांग्रेस

राजनीतिक नियत भनेको पार्टीको आन्तरिक नैतिकता हो । राजनीति सत्ता प्राप्तिको साधन मात्र होइन, प्रणाली सुधारको माध्यम हो । संस्थागत विकासको संकल्प हो । जनसेवाको मार्ग हो । नीति र नेतृत्व बलियो भए पनि नियत कमजोर भयो भने पार्टीले जनताको विश्वास जित्न सक्दैन ।कांग्रेसको नियत सधैं राष्ट्रियता, लोकतन्त्र र जनसेवाको निष्ठामा आधारित रहनुपर्छ । तर, पछिल्ला वर्षहरूमा कांग्रेसको नियतमाथि अनेक प्रश्न उठेका छन् । सत्ता स्वार्थ, गुटगत प्रतिस्पर्धा, व्यक्तिगत लाभ र अवसरवादले कांग्रेसको नैतिक पहिचान धमिलो बनाएको छ । पार्टीले पुनः जनविश्वास आर्जन गर्न चाहन्छ भने यो नियतमै स्पष्टता ल्याउनुपर्छ । सुशासन, समृद्धि, सदाचारी र समानताका आदर्श कुरा गर्ने तर व्यवहारमा लागू नगर्ने प्रवृत्ति बढ्दो छ । कांग्रेसको नियतमाथि उठेका गम्भीर प्रश्नहरूमा जवाफदेहिताको खाँचो छ । कांग्रेसले यदि आफ्नो नियतलाई जनताको विश्वास पुनर्निर्माणतर्फ मोड्न सक्यो भने त्यो केवल पार्टीको पुनर्जागरण मात्र होइन लोकतन्त्रकै पुनर्जागरण हुनेछ । लोकतन्त्र मार्फत देशको समृद्धिमा मार्गचित्रको मियो बन्न सक्छ । राजनीति पदका लागि होइन, परिवर्तनका लागि हो । कांग्रेस सत्ताको लागि मात्र होइन, सेवाको लागि हो भन्ने फेरि एकपटक जनताको मनमा त्यो भावना जगाउन सक्छ । बदलिंदो परिस्थिति र अवसरमा नियत सफा राख्छौं कि उस्तै परम्परागत जस्तै हुन्छौं । अब अग्रगमन कि पश्चगमन कांग्रेसजनमा निर्भर रहन्छ । अझै पनि, संकुचित सोच राखेर महाधिवेशन पनि गरिन्न, चुनाव मैले भने जस्तै हुनुपर्छ, मेरा मान्छेले मात्र टिकट र अवसर पाउनुपर्छ, जनताको आवाज सुन्नुपर्दैन, संख्यामा हामी शक्तिशाली छौं भन्ने भ्रम राखियो भने क्षति स्वाभाविक छ । बीपी, किसुनजी र गणेशमानका आदर्श भजाउने, समाजको मागलाई बेवास्ता गरेर आफैं सर्वेसर्वा हुने हो भने परिणाम के हुन्छ ? सबैलाई थाहा छ ।

### कांग्रेसमा अबको बाटो

कांग्रेसमा अब आत्मसुधारको बाटो चाहिएको छ । नीति, नेतृत्व र नियत यी तीन शब्द केवल नारा मात्र होइनन्ह कांग्रेसको भविष्यको दिशानिर्देश हो । यदि कांग्रेसले नीतिमा स्पष्टता, नेतृत्वमा नवप्रवर्तन र नियतमा शुद्धता ल्याउन सक्यो भने देशमा आशाको पुनर्जागरण हुनेछ । नीति र नेतृत्व बलियो भए पनि नियत कमजोर भयो भने सबै प्रयास अर्थहीन हुन्छ । कांग्रेसले नीति, नेतृत्व र नियत मार्फत फेरि स्पष्ट सन्देश दिनुपर्छ । वास्तवमा अहिले कांग्रेसको अनुहारमा हिलोले पोतिएको छ । नेतृत्वमा पारदर्शिता र जवाफदेहिता ल्याउन कांग्रेसले केही ठोस सुधार गर्न आवश्यक छ । उम्मेदवार छनोटमा आन्तरिक प्राथमिक निर्वाचन लागू गर्ने, नीतिगत छलफलमा तल्लो तहका प्रतिनिधिलाई प्रत्यक्ष सहभागी गराउने, कार्यभार र नेतृत्वको कार्यकाल तोक्ने स्पष्ट नीति लिनुपर्दछ । कांग्रेसलाई धनवाद र डनवादबाट मुक्त गरी प्रशिक्षण र विचारमुखी पार्टी बनाउन सके कांग्रेस फेरि चुनावमा जनतासमक्ष लोकप्रिय बन्न सक्छ । कांग्रेसको आत्मा पुनर्जागृत गर्न यही नै मुख्य शर्त हो । आत्मसुधार नै पुनर्जागरणको बाटो हो । पारदर्शी निर्णय प्रक्रिया, भ्रष्टाचार विरुद्ध शून्य सहनशीलताको नीति, आचरण र आस्थामा इमानदारी, विचारमा स्पष्ट, संगठनमा अनुशासित, नेतृत्वमा उत्तरदायी, नियतमा राजनीति संस्कृतिको खाँचो छ । यस कारण पनि राजनीति, समाज र संवैधानिक अभ्यासलाई लयमा ल्याउन कांग्रेसभित्रको रूपान्तरण अपरिहार्य छ ।

### निष्कर्ष

कांग्रेसको इतिहास गौरवशाली छ । तर, भविष्य त्यसले मात्र निर्धारण गर्दैन । अबको कांग्रेसले आफूलाई पुनः परिभाषित गर्नुपर्छ । त्यो सम्भव छ यदि पार्टीले बीपीको त्यो दृष्टि सम्झियो भने( 'राजनीति सेवा हो, प्रतिस्पर्धा होइन । विश्वास हो, व्यापार होइन ।' नीति, नेतृत्व र नियतमा रूपान्तरण गर्न सके कांग्रेसले फेरि पनि नेपालको लोकतन्त्रलाई दिशा दिन सक्छ । अब उसले आफैंभित्रको सुधार निर्मम रूपमा आरम्भ गर्न सक्नुपर्छ । अन्ततः कांग्रेसको साँचो शक्ति न नारामा छ, न इतिहासमा । त्यो नियतमा छ, जसले जनताको विश्वास जित्न सुधारको प्रयत्न गर्नै पर्छ । जुन केन्द्रीय समितिमा छलफलबाट निस्कने निर्णयको पर्खाइमा छ ।

*-अनलाईन खबर*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२१११९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सकारात्मक सोचको साथ अगाडि बढ्नुहोस् अवसरहरु प्राप्त हुनेछन् । | **तुला** : स्वास्थ्यलाई लिएर सचेत रहनुहोला । मन अशान्त रहनेछ । |
| **वृष** : कार्यक्षेत्रमा प्रशंसा हुनेछ । प्रयासले सफलता मिल्नेछ । | **वृश्चिक** : व्यवसायमा योजनाहरू प्रारम्भ हुने छ । दाम्पत्य जीवन सुमधुर रहनेछ । |
| **मिथुन** :अड्किएको कार्य पुनः प्रारम्भ हुनेछ।राजनीतिक सफलता प्राप्त हुनेछ । | **धनु** : प्रतिस्पर्धामा विजय प्राप्त भइनेछ । मेहनतको राम्रो परिणाम हात लाग्नेछ । |
| **कर्कट** :सामाजिक कार्यमा सक्रियता बढ्नेछ । योजना र विचारहरू गोप्य राख्नुहोस् । | **मकर** : प्रेम सम्बन्धमा सफलता मिल्नेछ । मन प्रसन्न रहनेछ । |
| **सिंह** : मानसम्मानमा वृद्धि हुनेछ । आफन्तहरूको साथ पाइएला । | **कुम्भ** : समस्याले कार्य समयमा पूरा नहोला । शरीरमा कमजोरीको अनुभूति हुनेछ । |
| **कन्या** : लामो दुरीको यात्रा सफल रहनेछ । भाग्यले साथ दिनेछ । | **मिन** : इष्टमित्रहरूबाट रोकिएका कार्य बन्नेछन्। कार्यक्षेत्रमा आलस्य नगरौं। |

## विज्ञान/सूचना प्रविधि

# उत्कृष्ट एन्ड्रोइड फोनहरू : कुन किन्ने, किन किन्ने ?



तपाईंलाई एन्ड्रोइड फोन चाहिएको छ, तर कुन किन्ने वा नयाँ किन्ने कि सेकेन्ड ह्यान्ड किन्ने भन्नेमा अन्योल छ ? प्रमुख नवीनतम एन्ड्रोइड फोनहरू फरक-फरक आकार, मूल्य र फिचरका साथ बजारमा छन् । यी सबै फोनहरू तीव्र गतिका चिपद्वारा सञ्चालित हुन्छन् । तपाईंको प्राथमिकता ब्याट्रीको आयु, क्यामेरा, स्क्रिनको आकार, सफ्टवेयर समर्थन वा मूल्य जेसुकै होस्, छनोटका लागि बजारमा पहिलेभन्दा धेरै विकल्पहरू उपलब्ध छन् ।

**फोन फेर्ने कि मर्मत गर्ने ?**

नयाँ मोडलहरूमा सामान्यतया द्रुत चिप र राम्रो क्यामेरा हुन्छ, तर प्रत्येक वर्ष यी पुस्ताहरू बिचको सुधारको भिन्नता घट्दै गइरहेको छ । यसको अर्थ तपाईंका लागि सबैभन्दा राम्रो एन्ड्रोइड फोन तपाईंको हातमा रहेको फोन पनि हुन सक्छ । यदि तपाईंको ब्याट्री पहिले जस्तो लामो समय टिक्दैन भने, निर्माता वा तेस्रो पक्षहरूबाट ब्याट्री प्रतिस्थापन गराउन सकिन्छ। यसको मूल्य मोडल अनुसार फरक-फरक हुन्छ। यदि तपाईंको एन्ड्रोइड ढिलो भएको छ वा एपहरू इन्स्टल भइरहेका छैनन् भने, तपाईंको फोनमा पर्याप्त खाली भण्डारण क्षमता छ कि छैन (आदर्श रूपमा कम्तिमा २ जीबी) जाँच गर्नुहोस् । प्रयोग नगरिएका एप वा सामग्रीहरू हटाएर, सन्देशको भण्डारण खाली गरेर, फोटो/भिडियोहरू क्लाउडमा सारेर ठाउँ खाली गर्न सकिन्छ ।

**कहिले गर्ने अपग्रेड ?**

यदि तपाईंको फोन थोत्रो भएको छ, मर्मत गर्न नसकिने गरी बिग्रिएको छ वा यसले अब महत्त्वपूर्ण सुरक्षा अद्यावधिकहरू प्राप्त गर्दैन भने पक्कै पनि अपग्रेड गर्ने समय आएको छ । धेरैजसो पुराना एन्ड्रोइड फोनहरूले रिलिज भएको मितिबाट (किनेको मितिबाट होइन) मात्र तीन वर्षको सफ्टवेयर समर्थन प्राप्त गर्छन् । नयाँ र राम्रा मोडलहरूले भने पाँच देखि सात वर्षसम्म समर्थन पाउँछन् । सुरक्षा अद्यावधिकहरू पाउन बन्द गरेको फोनलाई परिवर्तन गर्नु अनिवार्य छ, किनकि यस्ता फोन ह्याकरहरू र साइबर अपराधीहरूका लागि सजिलो निशाना बन्छन् ।

**१. अधिकांश मानिसका लागि उत्कृष्ट एन्ड्रोइड: गुगल पिक्सेल १०**

पिक्सेल १० ले प्रमुख फोनहरूका लागि नयाँ मापदण्ड तय गरेको छ । यसको लागत, आकार र सुविधाहरूको सन्तुलनका कारण यो धेरैजसो मानिसका लागि उत्तम विकल्प हो ।

**मुख्य विशेषता:**

**डिजाइन र डिस्प्ले :** चमकिलो आल्मुनियमको किनारा र आकर्षक क्यामेरा बारका साथ यो सुन्दर देखिन्छ । यसको ६ दशमलव ३ इन्चको ओएलईडी स्क्रिन क्रिस्प र उज्यालो छ । १२० हर्जको रिफ्रेस दरले स्क्रोलिङलाई अति सहज बनाउँछ ।**प्रदर्शन र ब्याट्री :** यसमा गुगलको सबैभन्दा महँगा फोनमा हुने टेनसर जी ५ चिप, १२ जीबीको ऱ्याम र कम्तिमा १२८ जीबी भण्डारण क्षमता छ । यो फोन सामान्य प्रयोगमा दुई दिनसम्म टिक्न सक्छ ।**क्यूआई २ समर्थन:** पिक्सेल १० क्यूआई २ वायरलेस चार्जिङलाई समर्थन गर्ने पहिलो एन्ड्रोइड फोनहरूमध्ये एक हो । यसले एप्पलको म्यागसेफका चुम्बकीय चार्जर र अन्य सामानहरूसँग पनि काम गर्छ । **एआई सुविधा:** यसमा अगस्ट २०३२ सम्म सुरक्षा र सुविधा अद्यावधिकको ग्यारेन्टी छ । गुगलले यसमा उन्नत एआई उपकरणहरू थपेको छ । सबैभन्दा उन्नत म्याजिक क्यु हो । यसले जीमेल, क्यालेन्डर र म्यासेज आदिको डाटा हेरेर तपाईंलाई आवश्यक पर्दा जानकारी सुझाव दिन्छ । **क्यामेरा:** गुगलले पिक्सेल ९ का कमजोरीहरू सुधार्दै १० मा तीनवटा क्यामेरा दिएको छ, जसमा ५ एक्स टेलिफोटो क्यामेरा पनि समावेश छ । यसमा अटो बेस्ट टेक र एआई क्यामेरा कोच जस्ता उत्कृष्ट सुविधाहरू छन् ।

**२. क्यामेराका लागि उत्कृष्ट एन्ड्रोइड : गुगल पिक्सेल १० प्रो**

पिक्सेल १० प्रोले नियमित पिक्सेल १० का सबै राम्रा कुराहरूलाई लिएर त्यसलाई अझ उन्नत बनाएको छ ।

**मुख्य विशेषता:**

**स्क्रिन र डिजाइन :** यसको ६ दशमलव ३ इन्चको ओएलईडी स्क्रिन उत्कृष्ट र क्रिस्पियर छ । पालिस गरिएको आल्मुनियम किनाराहरू प्रिमियम महसुस हुन्छन् ।**शक्ति र सपोर्ट:** यसमा टेनसर जी ५ चिप, १६ जीबीको ऱ्याम र १२८ जीबी भन्दा बढी भण्डारण क्षमता छ । यसले अगस्ट २०३२ सम्म समर्थन प्राप्त गर्दछ । १० प्रो खरिद गर्दा एक वर्षको गुगल एआई प्रो सदस्यता पनि आउँछ, जसले थप शक्तिशाली जेमिनी प्रो, छवि र भिडियो उत्पन्न गर्ने मोडलहरू, र २ टीबी क्लाउड भण्डारणमा पहुँच दिन्छ ।

**क्यामेरामा एआई:** यसको सबैभन्दा ठूलो अपग्रेड क्यामेरामा छ । यसले ऋप जुमको साथ १० एक्स सम्म फोटो खिच्न सक्छ । यसमा पहिलो पटक क्यामेराभित्रै जेनेरेटिभ एआई प्रयोग गरिएको छ । १००एक्स अधिकतम म्याग्निफिकेसनमा जुम गर्दा यसले डिजिटल जुमद्वारा गुमेको विवरण र स्पष्टता फर्काएर ल्याउँछ ।

**३. ब्याट्री लाइफ र ठूलो स्क्रिनका लागि उत्कृष्ट एन्ड्रोइड: सामसङ ग्यालेक्सी एस २५ अल्ट्रा**

यदि पैसाको चिन्ता छैन र तपाईंलाई उत्कृष्ट ब्याट्री लाइफका साथ एन्ड्रोइडमा सबैभन्दा ठूलो र उत्कृष्ट स्क्रिन चाहिन्छ भने, सामसङ ग्यालेक्सी एस २५ अल्ट्रा एक उत्कृष्ट छनोट हो ।

**मुख्य विशेषता:**

**डिस्प्ले र बनावट:** विशाल ६ दशमलव ९ इन्चको स्क्रिन हाल बजारमा सबैभन्दा उज्यालो र उत्कृष्ट हो, जुन टाइटेनियम फ्रेममा बेरिएको छ ।

**प्रदर्शन:** यसमा उपलब्ध सबैभन्दा छिटो एन्ड्रोइड चिप, १२ जीबीको ऱ्याम र कम्तिमा २५६ जीबी भण्डारण क्षमता छ । **ब्याट्री:** यसको ब्याट्री लाइफ दुई दिनभन्दा बढी टिक्छ ।

**क्यामेरा:** पछाडिका चारवटा क्यामेराहरू (२००एमपी मुख्य, ३ एक्स र ५एक्स टेलिफोटो सहित) उत्कृष्ट छन् र पिक्सेल १० प्रोलाई टक्कर दिन्छन् ।

**थप सुविधा:** यो फोन धेरै उन्नत एआई उपकरणहरूले भरिएको छ, साथै स्क्रिनमा लेख्न र कोर्नका लागि यसमा स्टाइलस (क्तथगिक/पेन) पनि समावेश छ ।

**४. उत्कृष्ट सानो एन्ड्रोइड: सामसङ ग्यालेक्सी एस २५**

साँचो अर्थमा सानो प्रमुख एन्ड्रोइड फोन बजारमा छैन, तर सामसङको नियमित ग्यालेक्सी एस २५ तपाईंले पाउन सक्ने सबैभन्दा सानो र व्यवस्थित आकारको फोन हो ।

**मुख्य विशेषता:**

आकार: यसमा ६ दशमलव २ इन्चको स्क्रिन छ, जुन तुलनात्मक रूपमा सानो हो । यसको तौल केवल १६२ ग्राम छ, जसले यसलाई कम्प्याक्ट महसुस गराउँछ । **प्रदर्शन:** यो एस २५ अल्ट्रामा जस्तै द्रुत चिप, पर्याप्त ऱ्याम र कम्तिमा १२८ जीबी भण्डारण क्षमतासहित आउँछ । **सफ्टवेयर:** यसमा धेरै एआई उपकरणहरू र २०३२ सम्मको समर्थन समावेश छ, त्यसैले यो सानो भए पनि सुविधाहरूमा कुनै कमी छैन ।

**ब्याट्रीको चुनौती:** सानो आकारका कारण यसको ब्याट्री पनि सानो छ। यो एक दिनसम्म टिक्छ, तर त्योभन्दा धेरै होइन । **५. सबैभन्दा राम्रो मूल्यको एन्ड्रोइड:** गुगल पिक्सेल ९ ए गुगलको नवीनतम ए श्रृखला पिक्सेल अहिलेसम्मकै उत्कृष्ट हो। यसले गुगलका हाई(एन्ड फोनहरूका लगभग सबै उत्कृष्ट फिचरहरूलाई तुलनात्मक रूपमा किफायती मूल्यमा समेटेको छ ।

**मुख्य विशेषता:**

डिजाइन: यो अगाडिबाट नियमित पिक्सेल १० जस्तै देखिन्छ। यसमा ६ दशमलव ३ इन्चको स्क्रिन छ, तर पछाडि उच्च( गुणस्तरको प्लास्टिकको आवरण प्रयोग गरिएको छ । यसमा आईपी ६८ पानी प्रतिरोध र अप्टिकल फिंगरप्रिन्ट स्क्यानर छ । प्रदर्शन: यसमा गत वर्षको शीर्ष गुगल फोनहरूमा जस्तै टेनसर जी४ चिप छ । ब्याट्री चार्जहरू बिच राम्रो दुई दिन टिक्छ । सफ्टवेयर र समर्थन: यसमा ८ जीबी ऱ्याम छ, जसले गर्दा केही धेरै उन्नत एआई फिचरहरू चलाउन भने सीमितता आउन सक्छ । यसलाई रिलिज मितिबाट पूर्ण सात वर्षसम्म समर्थन गरिनेछ । जुन यो मूल्यमा विरलै पाइन्छ ।

**क्यामेरा:** यसमा मुख्य र अल्ट्रा वाइड क्यामेरा मात्र भए पनि, यसले दोब्बर मूल्यका धेरै फोनहरू भन्दा राम्रो फोटो खिच्दछ। यसमा गुगलको लोकप्रिय बेस्ट टेक र एड मी एआई सुविधाहरू पनि छन् ।

**-द गार्जियनबाट**

# यामाहा ब्लु फेस्ट जय नेपालमा सुरु



**काठमाडौं,** नेपालको सबैभन्दा ठूलो दुई पांङग्रे एक्स्चेन्ज महोत्सव,'यामाहा ब्लु फेस्ट' हात्तीसारस्थित जय नेपाल सिनेमा हलमा भव्य उद्घाटन सहित सुरु भएको छ । उत्कृष्ट अफर, रोमाञ्चक अनुभव र यामाहा कम्पनीको शैली र प्रदर्शन पहिचानसँगै यस पर्वले सहरभरिका बाइक र स्कुटर प्रेमीहरूको उत्साह दोब्बर बनाउने वाचा गरेको छ ।

२२ देखि २७ भदौसम्म सञ्चालन हुने यामाहा ब्लु फेस्टमा बाइक र स्कुटरप्रेमीले आफ्नो पुरानो सवारीसाधनलाई नयाँ यामाहामा अपग्रेड गर्ने उत्कृष्ट अवसर पाउनेछन् । यस चाडपर्वको सिजनमा यामाहा ब्लु फेस्टसँग खुसीको यात्रामा निस्केर हात्तीसार (जय नेपाल सिनेमा हल) मा उपस्थित भएर आफ्नो पुरानो बाइक वा स्कुटर नयाँ यामाहामा परिवर्तन गर्न सकिने छ । कुनै पनि ब्रान्ड, कुनै पनि बाइक एक्स्चेन्ज गर्ने, कुनै पनि यामाहा बाइक वा स्कुटरमा न्यूनतम ५० हजार रुपैयाँ मूल्यांकन, अन्य ब्रान्डमा न्यूनतम २५ हजार रुपैयाँ मूल्यांकन (कर म्याद पूरा गर्नुपर्ने), एक्स्चेन्जमा अतिरिक्त १० हजार बोनस, ७.९९ प्रतिशत ब्याजदरमा फाइनान्स, ग्यारेन्टर आवश्यक नभएको र नगद छुट १० लाखसम्म अविश्वसनीय एक्स्चेन्ज र फाइनान्स अफर उपलब्ध छन् । साथै, हरेक यामाहा खरिदमा निःशुल्क हेल्मेट र भाग्यशाली विजेताका लागि 'राइड द ब्लु विथ रोडिज' अनुभव जस्ता अन्य थप आकर्षण छन् । यामाहाले आफ्नो प्रिमियम लाइनअप प्रदर्शन गर्दैछ, जसमा आर१५ भी४, एटी(१५ भी२, एफजेड भी३ डिलक्स, रेजेडआर १२५ एफआई हाइब्रिड, एरोक्स १५५ लगायत मोडेल समावेश छन् ।

ग्राहकले यामाहाको शक्ति, शैली र प्रदर्शनको पूर्ण अनुभव गर्ने अवसर पाउनेछन् । यस अवसरमा बोल्दै यामाहा नेपालका ईडी तथा सीईओ दीपक अग्रवालले भने, 'यामाहामा हामी सधैं यस्तो अनुभव सिर्जना गर्न विश्वास गर्छौं जुन केवल यात्रामात्र नभई भावना, शैली र प्रदर्शनको अनुभव पनि हो । यो पहल हाम्रो मूल्यवान ग्राहकप्रति धन्यवाद प्रकट गर्ने र अझ धेरै राइडरलाई यामाहा परिवारमा स्वागत गर्ने हाम्रो पहल हो ।'-*अनलाइन खबर*

# सिटीटेकको 'फिनपस मिनी' सार्वजनिक



**काठमाडौं,** सिटीटेक ग्रुप प्रालिले ललितपुरस्थित हेरिटेज गार्डेनमा सम्पन्न एनएएस(आईटी एक्स्पो २०२५ को अवसरमा नेपालकै सबैभन्दा पर्खाइ गरिएको सानो तथा सजिलो फिनपस मिनी पस औपचारिक रूपमा सार्वजनिक गरेको छ । फिनपस मिनी एक क्रान्तिकारी डिजिटल भुक्तानी साधन हो ।

जसले व्यापारीहरूलाई कार्ड र क्युआर दुवै माध्यमबाट भुक्तानी स्वीकृत गर्ने सहजता प्रदान गर्छ । यस डिभाइसले भिसा, मास्टरकार्ड, युपिआइ, र नेपालपे लगायतका कार्ड योजनाहरू तथा नेपालपे क्युआर , फोनपे र स्मार्ट क्युआर जस्ता क्युआर योजनाहरूलाई समर्थन गर्दछ । साना आकारको आकर्षक डिजाइन र प्रयोग गर्न सजिलो यो उपकरणले ग्राहक तथा व्यवसायी दुवैका लागि द्रुत, सहज र विश्वसनीय भुक्तानी अनुभव सुनिश्चित गर्छ। यसको सानो तर विशेष स्वरूपले डेलिभरी सेवा, यातायात व्यवसायी तथा साना-ठूला सबै प्रकारका व्यवसायीहरू का लागि डिजिटल भुक्तानीलाई अझै सुलभ बनाएको छ ।कार्यक्रमको क्रममा ग्लोबल आइएमई बैंक, माछापुच्छ्रे बैंक, नेपाल इन्भेस्टमेन्ट मेगा बैंक र सिद्धार्थ बैंकले आशय पत्र हस्ताक्षर गरी फिनपस मिनीलाई आफ्ना भुक्तानी प्रणालीमा समावेश गर्ने इच्छाशक्ति प्रकट गरे।सिटीटेकको चर्चित ब्राण्ड 'फिनपस' हाल नेपालभरका १२ वटा बैंकहरूमा पिओएस सेवा प्रदान गर्दै १०,००० भन्दा बढी व्यवसायीहरूलाई सेवा दिइरहेको छ । फिनपस मिनीको शुभारम्भले बैंकहरूका लागि अझ प्रतिस्पर्धी मूल्यमा एकीकृत र किफायती अक्वायरिङ समाधान प्रदान गर्ने नयाँ अध्याय सुरु गरेको छ । सिटीटेकका प्रमुख कार्यकारी आधिकृत सजन शर्माले भने, "फिनपस मिनी केवल एउटा उत्पादन होइन, यो नेपालमा डिजिटल भुक्तानीलाई सबैको पहुँचमा पुऱ्याउने हाम्रो प्रतिबद्धताको प्रतीक हो । हामी देशका हरेक कुनामा रहेका व्यापारीहरूलाई सहज, सुरक्षित र सस्तो प्रविधिबाट डिजिटल भुक्तानीको अवसर दिन चाहन्छौं ।"

*-हाम्रा कुरा डटकम*

# रामपुरका सहकारीलाई लेखा व्यवस्थापन तालिम



**पाल्पा,** कार्तिक २४/ जिल्लाको रामपुर नगरपालिका भित्रका सहकारीहरुलाई आधारभूत लेखा व्यवस्थापन तालिम दिइएको छ । सहकारीको लेखालाई पारदर्शी र व्यवस्थित बनाउने उद्देश्यले रामपुर नगरपालिका सहकारी शाखाले पाँच दिने तालिम दिएको हो ।

नगरपालिका भित्रका २१ वटा सहकारी संस्थाका व्यवस्थापक र लेखा समितिलाई लेखा सम्बन्धी ज्ञान सिप प्रदान गरिएको नगरपालिकाले जनाएको छ । तालिममा सहकारीको लेखा व्यवस्थापन, हिसाब परीक्षा सूची, नाफा नोक्सान, कोष बाँडफाँड , सहकारीमा कर दायित्व लगायतका विषयमा सहजिकरण गरिएको थियो । तालिम समापनमा सहभागीहरुलाई प्रमाण पत्र वितरण गर्दै नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत चेमन प्रकाश पोखरेलले तालिममा सिकेका ज्ञान सिपको माध्यमबाट सहकारीको नीति,सिद्धान्त र उद्देश्य अनुरुप सञ्चालन गर्न आग्रह गरे । हरेक सहकारीले आर्थिक र समाजिक दायित्व पुरा गरि पारदर्शी रुपमा सञ्चालन गर्नु पर्ने आवश्यकता रहेको उनले औंल्याए । प्रमुख पोखरेलले सहकारीलाई समस्या पर्दा सहकारीहरुबिच पारस्परिक सहयोग गरेर अगाडि बढ्नुपर्नेमा जोड दिए ।

सहकारी शाखा प्रमुख गणेश प्रसाद रेग्मीले सहकारी संस्थालाई व्यवस्थित र उद्देश्य अनुरुप सञ्चालन गर्न टेवा पुर्‍याउने उद्देश्यले तालिमको आयोजना गरिएको बताए । साथै उनले तालिममा सिकेका ज्ञान सिपलाई सहकारी सञ्चालनको क्रममा व्यवहारमा उतार्न आग्रह समेत गरे । तालिम समापन कार्यक्रममा बोल्दै रामपुर बचत तथा ऋण सहकारी संस्थाका लेखा समिति सदस्य राधिका भण्डारीले सहकारीलाई उद्देश्य अनुरुप सञ्चालन गर्न यस्ता तालिम कर्मचारी, सञ्चालक समिति र शेयर सदस्यलाई पनि आवश्यक रहेको धारणा व्यक्त गरिन् । नवज्योति बचत तथा ऋण सहकारी संस्था रामपुर ८ पाल्पाका व्यवस्थापक यम बहादुर परियारले सहकारी संस्थाको सही लेखा व्यवस्थापनका लागि तालिम लाभदायी बनेको भन्दै नगरपालिकालाई धन्यवाद दिए । नगरपालिका भित्र सञ्चालित २१ वटा सहकारीका ४१ जनाको सहभागिता रहेको तालिमको सहजिकरण सहकारी शाखा प्रमुख रेग्मीले गरेका थिए । निमित्त प्रमुख प्रशासकीय अधिकृत पोखरेलको अध्यक्षतामा कार्यक्रम भएको थियो ।

## भैरहवा अन्तर्राष्ट्रिय...

..नेपालको तुलनामा भारतमा हवाई इन्धनको मूल्य सस्तो छ । नेपालमा हवाई इन्धनको मूल्य ९७३ डलर प्रतिहजार लिटर रहेको छभने भारतमा सोही परिमाणको इन्धनको मूल्य ८१७ डलर मात्र रहेको छ । ठूलो परिमाणमा इन्धन राख्ने विमानहरूलाई भारतको इन्धनको कारण लाखौं बचत हुने भएकाले पनि उनीहरूको रोजाइमा गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल पर्दैन । दूरी र समयको हिसाबले लखनऊभन्दा गौतम बुद्ध अन्तरराष्ट्रिय विमानस्थल नजिक हो । दूरीका हिसाबले काठमाडौँबाट भैरहवा गएर ल्यान्ड गर्नुभन्दा लखनऊ गएर ल्यान्ड गर्न भने १४२ नौटिकल माइल बढी पर्छ । तर तत्कालको अवस्थामा विदेशी एयर कम्पनीका जहाजले मात्रै होइन नेपाल एयरलाइन्सका जहाजले समेत काठमाडौँबाट डाइभर्ट भएका जहाज गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलको सट्टा लखनऊ लैजाने गरेका छन् । विमानस्थल स्रोतका अनुसार बाहिर हल्ला भए जस्तो रुटकै समस्याको कारण विदेशी विमानहरू नआएकामा सत्यता छैन । विमानहरूलाई काठमाडौँभन्दा भैरहवाको विमानस्थलमा अवतरण गर्न सहज र कम खर्चिलो हुने जानकारहरूको भनाइ छ । सिमराबाट छिरेका विमानलाई काठमाडौँ जानुभन्दा सहज भैरहवा आउन हुन्छ । दूरीमा दृष्टिले केही टाढा रहे पनि काठमाडौँजस्तो अवरोध यहाँ छैन । आकाशमा ट्राफिकका कारण विमान अवतरण हुन नसके यसले थप खर्च बढाउँछ, यहाँ त्यस्तो कुनै समस्या छैन । यसबाहेक लिमा ६२६ हुँदै बाहिर उड्ने विमानहरूलाई भैरहवाबाट उड्दा पनि दूरी छोटिने सुविधा पनि रहेको छ । गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलका प्रवक्ता श्यामकिशोर साहका अनुसार दक्ष जनशक्तिको कमी नै यहाँ विमान डाइभर्ट हुन नसक्नुको मूल कारण हो । “भैरहवाको तुलनामा लखनऊ र अन्य अन्तरराष्ट्रिय विमानस्थलहरूमा यस्ता दक्ष प्राविधिक जनशक्ति तयारी अवस्थामा रहेका हुन्छन्, भैरहवामा ग्राउन्ड ह्यान्डलिङको टिम भए पनि इन्जिनियरको टिम छैन छैन,” साह बताउँछन् । सुविधाको दृष्टिले गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलमा काठमाडौँभन्दा धेरै सुविधा रहेको छ । विमानस्थलका प्रवक्ता साहका अनुसार भैरहवा विमानस्थलमा अन्तरराष्ट्रिय वायु सेवाहरूलाई आकर्षित गर्न २०८३ भदौ मसान्तसम्म यात्रु सेवा शुल्क, पार्किङ, ल्यान्डिङ र न्याभिगेसन सेवा शुल्कमा शत्प्रतिशत छुट प्रदान गरिएको छ । ग्राउन्ड ह्यान्डलिङ सेवामा ७५ प्रतिशतसम्म छुट छ । हवाई इन्धनको मूल्य ब्रेक इभन प्वाइन्टमा निर्धारण गरी बिक्री गरिएको छ । यो भनेको काठमाडौँको तुलनामा सरदर करिब एक डलर प्रतिकिलोलिटर हुन आउँछ । विमानस्थल सञ्चालनका लागि क्षेत्रीय स्तरमा भन्दा पनि राज्यस्तरबाट पहल नभएको गुनासो स्थानीय अगुवाहरूको रहेको छ । सिद्धार्थ उद्योग वाणिज्य सैका पूर्वअध्यक्षसमेत रहेका स्थानीय ठाकुरकुमार श्रेष्ठले अहिले पनि ‘कूटनीतिक पहल नपुगेको’ टिप्पणी गरे । उनले शनिबारको घटनाले दुईवटा वैकल्पिक अन्तरराष्ट्रिय विमानस्थल भए पनि त्यो देखाउनकै लागि निर्माण गरेको जस्तो भएको बताए । नेपालले अन्तरराष्ट्रिय विमानस्थलको संख्या बढाए पनि तिनको उपयोगिता र सञ्चालनमा देखिएको उदासीनताले राष्ट्रको छविलाई गम्भीर धक्का दिएको उनको भनाइ छ । पोखरा र गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलहरूमा अर्बौंको लगानी भए पनि, हालसम्म यी विमानस्थलहरूमा नियमित अन्तरराष्ट्रिय उडानहरू सञ्चालन हुन सकेका छैनन् । यी दुवै विमानस्थलहरूलाई मुख्यतया: घरेलु उडानहरू मात्रै धानिरहेका छन् । यसै महिनादेखि भने एयर एसियाले सातामा दुईवटा उडान गरिरहेको छ । विमानस्थलमा गत वर्ष ‘विन्टर शेड्युल’ मा १२ हजार ७८७ यात्रुको आगमन भएको थियो भने ११ हजार १११ जना यहाँबाट उडेका थिए । विसं २०२१ मा घाँसे हवाई मैदानबाट सुरु भएको भैरहवाको विमानस्थल २०२३ सालमा आन्तरिक विमानस्थलका रूपमा हालको स्थानबाट सञ्चालन रहेको छ ।

*-रासस*

## खेलकुद समाचार

### महिला क्रिकेट टोली भारत टिमसँग खेल खेल्ने




**काठमाडौं,** कात्तिक २४/ नेपाली महिला क्रिकेट टोलीले यही नोभेम्बर १३ देखि १९ सम्म भारतका तीन घरेलु टोलीसँग मैत्रीपूर्ण टी(२० खेल खेल्ने भएको छ । नेपाल क्रिकेट संघ (क्यान)ले सोमबार विज्ञप्ति जारी गर्दै नेपाली टोलीको भारत भ्रमणबारे जानकारी गराएको हो ।

यस टुरका लागि १५ सदस्यीय नेपाली टोलीको पनि घोषणा भएको छ । नेपालले १३ नोभेम्बरमा राजस्थान, १४ नोभेम्बरमा उत्तराखण्ड, १५ नोभेम्बरमा बंगालको टिमसँग खेल्ने छ । त्यस्तै १७, १८ र १९ नोभेम्बरमा क्रमश: सोही टिमसँग दोस्रोपटक खेल्नेछ । सबै खेलहरू देहरादुनको चिदरवालास्थित आयुष क्रिकेट एकेडेमीमा हुनेछन् । नेपालले आउँदो जनवरीमा घरेलु मैदानमै आईसीसी महिला टी-२० विश्वकपको ग्लोबल छनोट खेल्दै छ । त्यसको तयारीका लागि यो भ्रमण फलदायी हुने विश्वास गरिएको छ । नेपालको टोलीमा अश्मिना कर्माचार्यले लामो समयपछि पुनरागमन गरेकी छन् भने सीमाना केसी पहिलोपटक परेकी छन् । अलिशा यादव, मनीषा उपाध्याय, सना प्रवीण, ईश्वरी विष्ट, ममता चौधरी, बिन्दु रावलले पनि पुनरागमन गरेका छन् ।

## अर्थ/कर्पोरेट समाचार

### सामान्य अंकले घट्यो नेप्से



**काठमाडौं,** कार्तिक २४/ साताको दोस्रो कारोबार दिन सेयर कारोबार मापक नेप्से परिसूचक ४ दशमलव १५ अंकले घटेको छ । शून्य दशमलव १६ प्रतिशतले घटेपछि समग्र नेप्से परिसूचक २५ सय ६१ दशमलव ९४ बिन्दुमा ओर्लिएको छ । आइतबार नेप्से ३० दशमलव ०२ अंकले घट्यो ।

सोमबार कारोबारमा आएकामध्ये ९१ कम्पनीको सेयर मूल्य बढ्यो, १५१ कम्पनीको मूल्य घट्यो भने ११ कम्पनीको मूल्य स्थिर रह्यो । कुल ४० हजार ५९१ पटककफ सेयर किनबेचमा ४ अर्ब ५१ करोड ४४ लाख रुपैयाँको सेयर कारोबार भएको छ ।नेप्सेका अनुसार ८६ लाख ४७ हजार ८८९ कित्ता सेयर किनबेच भए । होटल तथा पर्यटन, व्यापार र लगानी उपसमूहबाहेक सबै उपसमूहहरू घट्यो । होटल तथा पर्यटन १०१.९८ र व्यापार २१ दशमलव १७ अंकले बढेको छ । घट्ने उपसमूहहरुमा जीवन बिमा, निर्जीवन बिमा, उत्पादन तथा प्रशोधनलगायत रह्यो । दरमखोला हाइड्रो इनर्जी, सागर डिस्टिलरी,बुंगल इनर्जीको सेयर मूल्य १० प्रतिशतले बढ्यो । माबिलुङ इनर्जीको ९ दशमलव ९८ र सिटी होटलको ९.९४ प्रतिशतले सेयर मूल्य बढ्यो । उन्नति सहकार्य लघुवित्तको सेयर मूल्य १० प्रतिशतले घटेपछि सर्किट ब्रेक लाग्यो ।

वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई